आज मिति २०८३ साल श्रावण २१ गते बिहिबारका दिन कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको आ. व. २०८३/०८४ को पहिलो बैठक गाउँपालिकाका अध्यक्ष श्री हरिकृष्ण देवकोटा ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बसी देहायका विषयवस्तुहरुमा छलफल गरी निर्णय गरियो।

<u>उपस्थितिः</u>

अध्यक्षः श्री हरिकृष्ण देवकोटा

उपाध्यक्षः श्री मिरा तामाङ

वडा अध्यक्षः श्री दावा तामाङ, कालिका -१

वडा अध्यक्षः श्री उमेश बहादुर न्यौपाने, कालिका– २

वडा अध्यक्षः श्री फणिन्द्र प्रसाद न्यौपाने, कालिका– ३

वडा अध्यक्षः श्री खेसम तामाङ, कालिका– ४

वडा अध्यक्षः श्री सन्दिप पौडेल, कालिका– ५

का. पा. .सः श्री किप्पा थोक्रा

" " " श्री लाल माया तामाङ

" " श्री दुर्गा भट्ट

" " " श्री सर्मिला घले

" " " श्री छेजी याल्मो घले

" " " श्री कृष्ण बहादुर विश्वकर्मा

सचिवः श्री धर्मराज न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत

<u>आमन्त्रित</u>

लेखा अधिकृत श्री गोपी पराजुली

शाखा अधिकृत श्री लिलानाथ नेपाल

वरिष्ठ सहायक श्री प्रेम प्रसाद खनाल

सूचना प्रविधि अधिकृत श्री उमेश देवकोटा

क.अ. श्री विष्णु देवकोटा

**प्रस्ताव तथा छलफलका विषयहरू:**

१. गाउँपालिकाको दररेट सम्बन्धमा ।
२. सार्वजनिक खरिद ऐन/नियम सम्बन्धमा ।
३. बार्षिक स्विकृत आयोजना/कार्यक्रमहरुको कार्यान्वयन कार्यविधि/कार्ययोजना सम्बन्धमा ।
४. भवन निर्माण संहिता तथा मापदण्ड सम्बन्धमा ।
५. वार्षिक समिक्षा सम्बन्धमा ।
६. सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा ।
७. कार्यविधि/निर्देशीका स्विकृत/संशोधन गर्ने सम्बन्धमा ।
८. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सँग सम्बन्धीत निर्णय सम्बन्धमा।
९. घ वर्गको निर्माण व्यवसाय इजाजत सम्बन्धमा ।
१०. स्वयंसेवक शिक्षक नियुक्तीका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा ।
११. डि.पि.आर. गराउने सम्बन्धमा ।
१२. शिक्षा समितिको निर्णय सम्बन्धमा ।
१३. विविध ।

## निर्णयहरू:

**निर्णय नं. १**

कालिका गाउँपालिकाको आ.व. २०८३/०८४ को विभिन्न निर्माण कार्यका लागि आवश्यक पर्ने दररेट सम्बन्धमा छलफल गर्दा जिल्ला प्रशासन कार्यालय, रसुवाद्धारा चालु आ.व. २०८३/०८४ का लागि रसुवा जिल्लाका लागि स्विकृत दररेटलाई कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. २**

कालिका गाउँपालिकाको आफ्नै छुट्टै सार्वजनीक खरिद ऐन तथा नियमावली स्विकृत गराई कार्यान्वयनमा नआएको सन्दर्भमा चालु आ.व. २०८३/०८४ को स्विकृत वार्षिक कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयन गर्दा संघिय सरकारको सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन समेत) र सार्वजनिक खरिद नियमावली, २०६४(संशोधन समेत) लाई पूर्ण रुपमा आधार मानी कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

कालिका गाउँपालिकाको चालु आ.व. २०८३/०८४ का लागि स्विकृत विनियोजन ऐन २०८३ बमोजिमको बार्षिक स्विकृत कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्ने क्रममा विभिन्न शाखा/ईकाइहरुबाट तयार गरिएको कालिका गाउँपालिकाको वार्षिक स्विकृत कार्यक्रम कार्यान्वयन कार्यविधि/कार्य योजना २०८३ स्विकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ४**

कालिका गाउँपालिकाले भवन निर्माण तथा नक्शा पास गर्ने प्रयोजनका लागि गाउँपालिकाको छुट्टै भवन निर्माण संहिता तथा मापदण्ड तयार गरी कार्यान्वयनमा नआएको हुनाले नक्शा पास तथा घर अभिलेखीकरण गर्दा नेपाल सरकारको भवन निर्माण संहिता तथा मापदण्डलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउने तथा गाउँपालिकाको भवन निर्माण तथा नक्शा पास तथा घर अभिलेखीकरण सम्बन्धी मापदण्ड तथा कार्यविधि तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन/प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

कालिका गाउँपालिकाद्धारा आ.व. २०८२/०८३ मा संचालित वार्षिक कार्यक्रम तथा आयोजनाहरुको वार्षिक प्रगती समिक्षा कार्यक्रम तपशिलको मिति, स्थान र समयमा गर्ने निर्णय गरियो ।

**तपशिल**

मिति: २०८२/०५/८ गते र (नसकिएमा ९ गते), स्थान : कालिका गाउँपालिकाको कार्यालय धैवुङ रसुवा ।
समय : विहान ११:०० बजे

**निर्णय नं. ६**

कालिका गाउँपालिकाद्धारा आ.व. २०८२/०८३ मा सम्पादित कार्यहरुको बार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम तपशिलको मिति, स्थान र समयमा आयोजना गर्ने तथा उक्त कार्यक्रमको सहजिकरणका लागि रेडियो लाङटाङ ९०.३ मेगाहर्ज कालिका-२, रसुवा सँग सम्झौता गरी कार्यादेश हुन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**तपशिल**

मिति: २०८२/०५/१० गते, **स्थान** : कालिका-१ को उपयुक्त स्थान, राम्चे, रसुवा र **समय** : विहान ११:०० बजे

**निर्णय नं. ७**

कालिका गाउँपालिकाको तपशिल बमोजिमको कार्यविधि/निर्देशीका स्विकृत गर्ने निर्णय गरियो ।

**तपशिल**

१. कालिका गाउँपालिकाको विपद् खोज, उद्दार तथा राहत वितरण मापदण्ड सम्बन्धी कार्यविधि, २०८३
२. कालिका गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८३
३. कालिका गाउँपालिकाको कार्य संचालन निर्देशीका २०७७ मा तेस्रो संशोधन २०८३
४. कालिका गाउँपालिकाको मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यविधि २०८३
५. कालिका गाउँपालिकाको सार्वजनिक क्षेत्रको सरसफाई सम्बन्धी कार्यविधि, २०८३
६. कालिका गाउँपालिकाको विस्तृत परियोजना (DPR) छनौट तथा व्यवस्थापन कार्यविधि, २०८३

**निर्णय नं. ८**

कालिका गाउँपालिकाद्धारा संचालनमा रहेको राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रमका लागि देहाय अनुसार निर्णयहरु गरियो।

क. कालिका गाउँपालिका रसुवालाई संघिय सरकारबाट राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम अन्तरगत उत्पादन र उद्यमशिलता मार्फत रोजगारी सृजना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशिलता प्रवर्धन र पुन एकिकरण सम्बन्धी क्रियाकलाप संचालन शिर्षकमा चालु आ.व. २०८३/०८४ का लागि प्राप्त रु १०,६३,०००।- र गाउँपालिकाबाट साझेदारीका लागि छुट्टाइएको सो बराबरको रकम गरी जम्मा रु. २१,२६,०००।- लाई स्थानीय कार्यान्वयन समितिको मिति २०८३/०४/२० को बैठकबाट तपशिल बमोजिम बाँडफाँड गरी पेश भए अनुसार अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपशिल**

| क.सं. | कार्यक्रम/क्रियाकलाप | विनियोजन गरिने रकम रु |
|---|---|---|
| १ | न्युनतम रोजगार प्रत्याभूतिका लागि रोजगार आयोजना संचालनका लागि ज्याला रकम | रु.१५,४२,०००.०० |
| २ | युवा लक्षित बैदेशिक रोजगारबाट फर्किएका व्यक्ति तथा सूचीकृत व्यक्तिहरुका लागि सीप विकास अन्तरगत कुक तालिम | रु.५,००,०००.०० |
| ३ | स्थानीय कार्यान्वयन समितिको बैठक भत्ता तथा दैनिक भ्रमण खर्च | रु.५०,०००.०० |
| ४ | रोजगार कार्यक्रमका लागि आवश्यक सुरक्षा सामाग्री खरिद | रु.३४,०००.०० |

ख. चालु आ.व. २०८३/०८४ का लागि राष्ट्रिय रोजगार कार्यक्रम अन्तरगत न्युनतम रोजगार प्रत्याभूतिका लागि सूचिकृत भएका वेरोजगारहरु मध्येबाट तपशिल बमोजिमको संख्यामा छनोट गरी रोजगार शाखालाई उपलब्ध गराउन सम्बन्धीत वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । **तपशिल**

| वडा नं. | जम्मा सूचिकृत संख्या | रोजगारीका लागि छनोट गर्नुपर्ने संख्या |
|---|---|---|
| १ | ३६ | ४ |
| २ | १८ | ४ |
| ३ | ३३ | ४ |
| ४ | ११ | ४ |
| ५ | २९ | ४ |
| जम्मा | १२७ | २० |

**निर्णय नं. ९**

कालिका गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिमको इजाजत पत्र माग गरी पेश भएको कागजातको प्राविधिक पक्षको मुल्याङ्कन गरी स्विकृतीका लागि कार्यपालिका समक्ष सिफारिस गर्न कालिका गाउँ कार्यपालिकाको मिति २०७७/१२/०९ को निर्णय नं. ३ बमोजिम गठित मुल्याङ्कन तथा सिफारिस समितिबाट हाल सम्म भएका सिफारिस सम्बन्धी प्रतिवेदनहरु अनुमोदन गर्नुका साथै उक्त समितिलाई लाई चालु आ.व. २०८३/०८४ मा समेत निरन्तरता दिने र कालिका गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि,२०७५ बमोजिम कालिका गाउँपालिका वडा नं ३, रसुवा स्थायी ठेगाना भएको श्री एस.एस.कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.ले दिएको निवेदन उपर प्राविधिक समितिबाट आवश्यक कागजात जाँचबुझ गरी कार्यविधि बमोजिम इजाजत पत्र उपलब्ध गराउन सिफारिस भै आएको हुँदा उक्त श्री एस.एस.कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., कालिका-३, रसुवालाई "घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

कालिका गाउँपालिकाको तपशिलमा उल्लेखित विद्यालयहरुमा स्वयंसेवक शिक्षक नियुक्तीका लागि चालु आ.व. २०८३/०८४ मा गाउँपालिकाबाट बजेट स्रोत सुनिश्चत भै सम्बन्धीत विद्यालयहरुबाट नियुक्ती प्रक्रिया अगाडि बढाउने अनुमती माग भएकोले माग भए अनुसारको स्वयंसेवक शिक्षक नियुक्ती प्रक्रिया अगाडि बढाउन अनुमती प्रदान गर्ने निर्णय गरियो ।

**तपशिल**

| क.सं. | विद्यालयको नाम | तह | पद | सेवा सुविधा | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री कालिका हिमालय मा.वि. कालिका-२ | प्राथमिक तह | स्वयंसेवक शिक्षक | गाउँपालिकाको कार्यविधि अनुसार | |
| २ | श्री नारायणस्थान आ.वि. कालिका-२ | प्राथमिक तह | स्वयंसेवक शिक्षक | | |

**निर्णय नं. ११**

कालिका गाउँपालिकाको आ.व. २०८३/०८४ को बार्षिक स्विकृत कार्यक्रम ४ नं. वडा कार्यालय भवन र भोर्ले आयुर्वेद स्वास्थ्य केन्द्र भवन निर्माणका लागि गाउँपालिकाको विद्यामान प्राविधिक जनशक्तीबाट सम्भावना नभएको भन्ने जानकारी प्राविधिक शाखाबाट प्राप्त भएकोले सेवा परामर्शदाताहरुबाट डिपिआर तयार गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

कालिका गाउँपालिकाको शिक्षा समितिको मिति २०८३/०१/२० गतेको निर्णय अनुमोदन गर्नुका साथै निर्णय नं. ३ अनुसार यस गाउँपालिका भित्र विभिन्न मितिमा काजमा खटाईएको शिक्षकहरुलाई जुन विद्यालय र तहमा नियुक्ती भई कार्य गर्दै आउनु भएको छ सोही विद्यालयमा दरबन्दी कायम गरी पदस्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ विविध १**

कालिका गाउँपालिकामा कार्यरत जे.सि.भी.अपरेटरबाट मेसिन संचालनको समयमा लागि खाना तथा खाजा भत्ताको रकम चालु आ.व. २०८३/०८४ का लागि गाउँपालिकाबाट खर्च व्यहोरिने काममा प्रति घण्टा रु. २००।– र अन्य कामका लागि प्रति घण्टा ३००।– (प्रयोगकर्ताको तर्फबाट खर्च व्यहोर्ने गरी) कायम गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. १३ विविध २**

कालिका गाउँपालिका र दुग्ध विकास संस्थान बिच कालिका गाउँपालिकामा दुग्ध संकलन केन्द्र संचालनका लागि भएको सहमती अनुसार दुग्ध संकलन केन्द्रको भाडा गाउँपालिकाबाट व्यहोर्नुपर्ने गरी गत आ.व. २०८२/०८३ मा कालिका गाउँपालिका र डिडिसीको दुग्ध संकलन केन्द्र रहेको हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि. कालिका-२, रसुवा र घरधनी राम प्रसाद पौडेल कालिका-५, रसुवा बिच भएको भाडा सम्झौतालाई चालु आ.व. २०८३/०८४ मा पनि निरन्तरता दिने निर्णय गरियो ।